# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः १ संख्याः १८ मितिः २०७७/०९/२९

भाग-१

## भरतपुर महानगरपालिका जनस्वास्थ्य ऐन,२०७७

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

# भरतपुर महानगरपालिका जनस्वास्थ्य ऐन २०७७

नगर सभाबाट स्वीकृत मितिः २०७७।०९।२७

प्रमाणीकरण मितिः २०७७।०९।२९

**प्रस्तावनाः** नेपालको संबिधान बमोजिम स्थानीय तहलाई प्राप्त नागरिकको स्वास्थ्य सम्बन्धी हकको सुनिश्चितता तथा गुणस्तरीय स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई सर्वव्यापी, जनमुखी, वनाउँदै स्वास्थ्य सेवामा सुधार गर्नका लागि स्वास्थ्य सेवाको व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भरतपुर महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भरतपुर महानगरपालिका जनस्वास्थ्य ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐन्मा

(क) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनुपर्छ।

(ख) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, अकुपन्चर लगायतका पद्दतीमा आधारित भई प्रदान गरिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक, पूनर्स्थापनात्मक र प्रशामक सेवा सम्झनुपर्छ ।

(ग) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले तोकिएको आधारभुत स्वास्थ्य सेवा प्याकेजमा उल्लेख भएका निःशुल्क उपलब्ध हुने प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पूनर्स्थापनात्मक स्वास्थ्य सेवाहरु सम्झनुपर्छ ।

(घ) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्थामा परी जीवन जोखिमयुक्त अवस्थामा रहेको व्यक्तिको जीवनलाई जोखिममुक्त गर्न आवश्यकता अनुसार दिइने प्रारम्भिक तथा तत्काल सेवालाई सम्झनुपर्छ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्था सम्झनुपर्छ । सो शब्दले प्रचलित कानून बमोजिम स्थापित गैरसरकारी वा निजी वा सहकारी वा गैरनाफामुलक सामुदायिक स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

(च) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएका सरकारी, गैरसरकारी, नीजि, सहकारी, सामुदायिक अस्पताल वा नर्सिङ्ग होम र शिक्षण अस्पताल भन्ने सम्झनुपर्छ ।

(छ) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम चिकित्सक वा स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनुपर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा वा प्रचलित कानूनमा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्छ ।

(झ) "सेवाग्राही" भन्नाले स्वास्थ्य सेवाका लागि स्वास्थ्य संस्थामा आएका वा दर्ता भएका व्यक्ति सम्झनुपर्छ ।

(ञ) "सेवाप्रदायक" भन्नाले स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवा प्रदान गर्ने व्यक्ति सम्झनुपर्छ ।

(ट) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

## परिच्छेद २

## स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवाः** (१) प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा प्राप्त गर्ने हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई स्वास्थ्य सम्बन्धी सूचना, स्वास्थ्य उपचार सेवा र सो सम्बन्धी जानकारी प्राप्त गर्ने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई देहायका शीर्षक अन्तर्गतका तोकिए बमोजिमका स्वास्थ्य सेवाहरु निःशुल्क रुपमा प्राप्त गर्ने हक हुनेछ ।

(क) खोप सेवा, एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन सेवा र पोषण सेवा,

(ख) गर्भवती, प्रसुती तथा सुत्केरी सेवा, परिवार नियोजन, सुरक्षित गर्भपतन लगायत प्रजनन स्वास्थ्य सेवा,

(ग) नसर्ने रोग सम्बन्धी सेवा,

(घ) सरुवा रोग सम्बन्धी सेवा,

(ङ) स्वास्थ्य प्रवर्द्धन सेवा,

(च) मानसिक रोग सम्बन्धी सेवा,

(छ) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(ज) सामान्य आकस्मिक स्वास्थ्य सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यताप्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकार, प्रदेश सरकार र महानगरपालिकाले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा ।

(४) उपदफा (३) बमोजिमका स्वास्थ्य सेवा तोकिए बमोजिमका स्वास्थ्य संस्थाबाट तोकिए बमोजिमका विधि वा प्रक्रियाबाट निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।

(५) महानगरपालिकाले स्थानीय साधन, स्रोत तथा आवश्यकताका आधारमा आधारभूत स्वास्थ्य सेवा थप गर्न सक्नेछ र थप गरिएका आधारभूत स्वास्थ्य सेवा तोकिए बमोजिमका स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्ध हुनेछ ।

(६) उपदफा (५) बमोजिमका सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह तथा अन्य व्यवस्थापन प्रक्रिया महानगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. आकस्मिक उपचारः** (१) प्रत्येक स्वास्थ्य संस्थाहरुले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा उपलब्ध गराउनु स्वास्थ्य संस्था तथा सेवाप्रदायकको जिम्मेवारी हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अस्पताल तथा स्वास्थ्य संस्थामा उक्त बिरामीको उपचार सम्भव नहुने भएमा त्यहाँ उपलब्ध भएको आकस्मिक स्वास्थ्य सेवा तत्काल उपलब्ध गराई थप उपचारको लागि तत्काल उक्त सेवा प्राप्त हुने अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्न सक्नेछ ।

(४) आकस्मिक स्वास्थ्य सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५. विशेषज्ञ सेवाः** (१) महानगरपालिकाले सेवाको अवस्था तथा रोगको प्रकोप दरका आधारमा आवश्यकता अनुसार तोकिएका विशेषज्ञ सेवा उपलब्ध गराउन सक्नेछ ।

(२) बिशेषज्ञ सेवा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६. प्रेषण (रेफरल) सेवाः** (१) प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएका विरामीहरुलाई आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध सेवा प्रदान गरी थप उपचारको आवश्यकता भएको खण्डमा तत्काल उक्त सेवा प्राप्त हुने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

(२) प्रेषण गरिएको स्वाथ्य संस्थामा लैजानु, उपचार गराउनु, खर्च व्यहोर्नु र उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु अभिभावक, परिवारका सदस्य, संरक्षक तथा संरक्षकत्व स्वीकार गरिएको व्यक्तिको दायित्व हुनेछ ।

(३) प्रेषण सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७. गुणस्तरीय स्वास्थ्य सेवाः** (१) महानगरपालिकाले प्रत्येक नागरिकलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने व्यवस्था मिलाउनेछ ।

(२) महानगरपालिकाले उपलव्ध स्रोत साधनको आधारमा नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकताको आधारमा तोकिएको मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाको स्थापना गरी त्यस्ता संस्थामा आवश्यक जनशक्ति, प्रविधि तथा उपकरणको व्यवस्थापन गर्नेछ ।

**८. पेशागत आचरण र समानताः** (१) स्वास्थ्य संस्था तथा स्वास्थ्य सम्बन्धी परिषद्हरुले निर्धारण गरे बमोजिमको पेशागत आचरण पालन गर्नुपर्नेछ ।

(२) बिरामीको औषधी उपचार सम्बन्धी व्यक्तिगत स्वास्थ्य सरोकारका बिषयहरुमा स्वास्थ्य संस्था तथा सेवाप्रदायकहरुले गोपनियता कायम गर्नुपर्नेछ ।

(३) स्वास्थ्य सेवा प्रदान गर्दा सवै सेवाप्रदायकहरुले सेवाग्राही प्रति समान तथा आदरपूर्ण व्यवहार गर्नुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि विरामीको स्वास्थ्यको गम्भिरताको आधारमा सेवाप्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्न सक्नेछन् ।

## परिच्छेद ३

## स्वास्थ्य सेवा प्रणाली र व्यवस्थापन सम्बन्धी व्यवस्था

**९. स्वास्थ्य सेवा सञ्चालन र नियमनः** (१) स्वास्थ्य संस्थाहरुको संरचना र सो संस्थाले प्रदान गर्ने सेवा सम्बन्धी व्यवस्था संघीय मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(२) स्वास्थ्य संस्था तथा सेवा सम्बन्धी न्यूनतम मापदण्ड संघीय मन्त्रालयबाट निर्धारण भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको मापदण्डको अधिनमा रही प्रत्येक स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गर्नुपर्नेछ ।

(४) महानगरपालिकाले स्वास्थ्य सेवा प्रवाहको लागि संघ, प्रदेश, निजी तथा गैरसरकारी संस्थाहरुसँग तोकिएका शर्तहरुको अधिनमा रही साझेदारी गर्न सक्नेछ ।

**१०. इजाजतपत्र प्राप्त गर्नुपर्नेः** (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुदैन ।

(२) महानगरपालिका भित्र निजी तथा गैरसरकारी स्वास्थ्य संस्था सञ्चालन गर्न चाहेमा तोकिए बमोजिम इजाजत पत्र लिई सञ्चालन गर्नुपर्नेछ ।

नगर प्रमुख

(३) यस ऐन प्रारम्भ हुँदाका बखत इजाजत नलिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुले महानगरपालिकाले तोकेको समयभित्र उपदफा (२) बमोजिमको इजाजतपत्र लिनु पर्नेछ ।

(४) अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन अनुमती प्रदान गर्दा स्वास्थ्य संस्थाको सेवाको प्रकृती, सेवा प्रवाह, जनसंख्या, भौगोलिक दुरी, पहुँच योग्य र शय्या क्षमताको निर्धारण तोकिएको मापदण्ड अनुसार हुनेछ ।

(५) महानगरपालिकाले अस्पताल, प्रयोगशाला, नर्सिङ्ग होम, पोलिक्लिनिक, क्लिनिक, औषधालय, औषधी पसल लगायत स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको नियमित रुपमा निरिक्षण तथा अनुगमन गर्न गराउन सक्नेछ ।

(६) अस्पताल तथा स्वास्थ्य संस्थाको सञ्चालन अनुमति, दर्ता, नवीकरण, स्तरोन्नती सम्वन्धि कार्यका लागि आवश्यक मापदण्ड सहितको कार्यविधि बनाई लागू गरिनेछ ।

**११. खारेज भएको मानिने:** दफा (९) बमोजिम तोकिएको मापदण्ड पुरा नगर्ने र दफा (१०) बमोजिम इजाजत पत्र नलिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुको इजाजत पत्र स्वत: खारेज भएको मानिनेछ।

**१२. थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न वा संस्था गाभिन अनुमति लिनुपर्ने:** (१) स्वास्थ्य संस्थाले आफुले सेवा सञ्चालन गर्न अनुमति पाएको सेवाका अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृया पुरा गरी सम्बन्धित निकायबाट अनुमति लिनु पर्नेछ ।

(२) महानगरपालिकाभित्र सञ्चालनमा रहेका दुई वा दुई भन्दा बढी स्वास्थ्य संस्था एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमका शर्तहरु पूरा गरी सञ्चालन अनुमतिको लागि त्यस्ता स्वास्थ्य संस्थाहरुले सम्बन्धित निकायमा संयुक्त रुपमा निवेदन दिनु पर्नेछ ।

**१३. स्वास्थ्य संस्था बाहेक अन्यत्रबाट स्वास्थ्य सेवा प्रदान गर्ने:** (१) महानगरपालिकाले आवश्यकताका आधारमा विद्यालय स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) कुनै स्वास्थ्य संस्था, गैरसरकारी तथा नीजि संस्थाले महानगरपालिकाले तोकेको मापदण्ड पुऱ्याई अनुमति लिई घुम्ती शिविरहरु मार्फत विशेषज्ञ स्वास्थ्य सेवाहरु सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वास्थ्य सेवा प्रदान गर्ने प्रक्रिया र मापदण्ड महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

## महानगर स्वास्थ्य समिति सम्बन्धी व्यवस्था

**१४. महानगर स्वास्थ्य समिति गठन:** (१) यस ऐनमा व्यवस्था भए बमोजिमका स्वास्थ्य सम्बन्धी काम कारवाहीलाई प्रभावकारी गराउनको लागि नीतिगत रुपमा सल्लाह दिन र ऐनको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्न स्वास्थ्य समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् ।

(क) प्रमुख, भरतपुर महानगरपालिका - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत, भरतपुर महानगरपालिका - सदस्य

(ग) संयोजक, सामाजिक विकास समिति, भरतपुर महानगरपालिका - सदस्य

(घ) संयोजक, स्वास्थ्य उपसमिति, भरतपुर महानगरपालिका - सदस्य

(ङ) प्रमुख मेडीकल सुपरीटेन्डेन्ट, भरतपुर अस्पताल - सदस्य

(च) प्रमुख, स्वास्थ्य कार्यालय चितवन - सदस्य

(छ) स्वास्थ्य क्षेत्रका विज्ञहरु मध्यबाट अध्यक्षले मनोनित गरेको कम्तिमा १ जना महिला सहित ३ जना - सदस्य

(ज) सहकारी, सामुदायिक र निजी स्वास्थ्य संस्थाका सञ्चालक मध्येबाट अध्यक्षले मनोनित गरेको १ जना - सदस्य

(झ) शाखा प्रमुख, जनस्वास्थ्य प्रवर्द्धन शाखा, भरतपुर महानगरपालिका - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठित समितिका अध्यक्षद्वारा मनोनित सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ ।

(४) आवश्यकता अनुसार बैठकमा अन्य बिज्ञहरुलाई बोलाउन सकिनेछ ।

**१५. स्वास्थ्य समितिको काम कर्तव्य र अधिकारः** (१) दफा १४ अनुसार गठित स्वास्थ्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) महानगर स्वास्थ्य सेवा सम्बन्धी नीति तथा योजना तर्जुमा गर्न सिफारिस गर्ने ।

(ख) स्वास्थ्य सम्बन्धी बहुवर्षिय नीति योजना तथा कार्यक्रम पुनरावलोकन गरी आवश्यक मार्ग निर्देशन गर्ने ।

(ग) स्वास्थ्य सेवाको विभिन्न विषयमा प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्न सुझाव दिने ।

(घ) गुणस्तरीय तथा जनमुखी स्वास्थ्य सेवाका लागि स्वास्थ्य सेवा प्रणालीमा सुधार ल्याउन आवश्यक समन्वय तथा सुझाव दिने ।

(ङ) स्वास्थ्यसँग सम्बन्धित अन्य कुनै आवश्यक विषयमा सुझाव प्रस्तुत गर्न आवश्यकता अनुसार मापदण्ड, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्न परामर्श दिने ।

(च) आवश्यकता अनुसार उपसमिति गठन गरी स्वास्थ्य सम्बन्धी कामकारवाही गर्ने गराउने ।

(छ) महानगरपालिकाका सबै नीतिहरुमा स्वास्थ्य नीति अवलम्बन गर्न पैरवी गर्ने ।



नगर प्रमुख

## परिच्छेद - ५

## सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य

**१६. प्रजनन् स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवाः** (१) महानगरपालिकाले संविधान प्रदत्त महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्न र प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउनको लागि आवश्यक नीति एवं रणनीति तयार गरी लागू गर्नेछ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्वन्धमा आवश्यक परामर्श, गर्भवती तथा प्रसुती सेवा, गर्भनिरोधको सेवा तथा प्रजनन सम्बन्धी रोगको निदान, उपचार र पोषण सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम निशुल्क उपलव्ध गराउने व्यवस्था हुनेछ ।

(३) महानगरपालिकाले सुरक्षित मातृत्व सेवालाई प्रभावकारी वनाउन तोकिएका स्वास्थ्य संस्थाहरु मार्फत २४ सै घण्टा प्रसुती सेवाका लागि आवश्यक व्यवस्था गर्नेछ ।

(४) महानगरपालिकाले प्रजनन् स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवामा सेवाग्राहीको पहुँच तथा उपयोग वढाउन प्रोत्साहनमुलक कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

(५) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१७. सुरक्षित गर्भपतन सम्बन्धी सेवाः** (१) प्रत्येक महिलालाई प्रचलित कानून बमोजिम सुरक्षित गर्भपतन गर्न पाउने अधिकार हुनेछ ।

(२) सुरक्षित गर्भपतन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६

## खोप र पोषण सम्बन्धी व्यवस्था

**१८. खोप सेवाः** (१) खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गरी शिशु, बालबालिका तथा महिला लगायतका व्यक्तिको रुग्णतादर वा मृत्युदर घटाउन तथा खोप सेवाको गुणस्तर वृद्धि र विस्तार गर्नका लागि महानगरपालिकाले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारले तोके बमोजिमको खोप सेवा तोकिएका स्वास्थ्य संस्था मार्फत निःशुल्क उपलब्ध हुनेछ ।

(३) कुनै खोपको शुल्क लिनुपर्ने भएमा तोकिए बमोजिम हुनेछ ।

नगर प्रमुख

**१९. खोप लगाउनु पर्नेः** (१) महानगरपालिकाले कुनै रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गर्नका लागि अनिवार्य रुपमा खोप लगाउनु पर्ने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको खोप लगाउनु सम्बन्धित व्यक्ति, अभिभावक वा संरक्षकको कर्तव्य हुनेछ ।

(३) कसैले पनि खोप सेवा सञ्चालन सम्बन्धी कुनै कार्यमा कुनै किसिमको बाधा अवरोध गर्नु हुँदैन ।

**२०. अनुमति लिनुपर्नेः** (१) खोप सेवा सञ्चालन गर्न चाहने निजी, गैर सरकारी, सामुदायिक सहकारी, स्वास्थ्य संस्थाले तोकिएको निकायबाट अनुमति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति पाएका संस्थाले तोकिएको खोप सेवा निशुल्क उपलब्ध गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमति पाएका संस्थाले तोकिएको निकायमा नियमित रुपले प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**२१. स्तनपान प्रवर्द्धन, संरक्षण र संवर्द्धनः** (१) बच्चा जन्मेदेखि ६ महिनासम्म पूर्ण स्तनपान गराउनु आमाको दायित्व हुनेछ ।

(२) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुलाई निरुत्साहन गर्न महानगरपालिकाले प्रचलित कानून बमोजिम आवश्यक नियन्त्रणको व्यवस्था गर्नेछ ।

**२२. गुणस्तर कायम गर्नुपर्नेः** (१) कुनैपनि प्रकृतिका खाद्य पदार्थ, खानेपानी वा औषधीजन्य लगायतका पदार्थको उत्पादन भण्डारण वा बिक्री वितरणमा तोकिए बमोजिमको गुणस्तर मापदण्ड कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गुणस्तर कायम नगरी विक्री वितरण गरेर स्वास्थ्यमा प्रतिकूल असर परेमा सोको क्षतिपुर्ति प्रचलित कानून बमोजिम स्वदेशी उत्पादकका हकमा उत्पादक र बिक्रेता दुबैले र बिदेशी उत्पादकका हकमा बिक्रेताले व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गुणस्तर तथा मापदण्ड कायम भए नभएको सम्बन्धमा महानगरपालिकाले तोकेको निकायले अनुगमन गर्नेछ ।

## परिच्छेद-७

## महामारी तथा आपतकालिन स्वास्थ्य सेवा व्यवस्थापन

**२३. आपतकालिन स्वास्थ्य सेवा व्यवस्थापनः** (१) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुऱ्याउन तोकिए बमोजिम द्रुत प्रतिकार्य टोलि रहनेछ ।

(२) महानगरपालिकाले आपतकालिन स्वास्थ्य योजना विकास गरी लागू गर्न सक्नेछ ।



नगर प्रमुख

(३) आपतकालिन अवस्थामा स्वास्थ्य सेवा प्रवाह, जनशक्ति र बजेट व्यवस्थापन आवश्यकताका आधारमा परिचालन गर्न सकिनेछ ।

(४) महानगरपालिकाले आपतकालिन अवस्थामा प्रचलित कानुनको अधिनमा रही जनस्वास्थ्य विपद् अवस्था घोषणा गर्न सक्नेछ ।

(७) जनस्वास्थ्य विपदको समयावधि र क्षेत्र लगायत अन्य पक्षहरुमा उपलव्ध तथ्याकं तथा सूचनाका आधारमा थपघट वा हटाउन सक्नेछ ।

(८) आपतकालिन स्वास्थ्य अवस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२४. सरुवा रोग तथा महामारी रोकथामः** (१) सरुवा रोग तथा महामारीको रोकथाम तथा व्यवस्थापनको लागि स्वास्थ्य परीक्षण गर्न र गराउनु सबै व्यक्तिको कर्तव्य हुनेछ ।

(२) सरुवा रोग तथा महामारीको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापन सम्बन्धी थप व्यवस्था तोकिए बमोजिमको हुनेछ ।

**२५. जनस्वास्थ्य सर्भिलेन्स सम्बन्धी व्यवस्थाः** (१) महानगरपालिकाले बिभिन्न रोग तथा महामारीको अवस्था तथा असर सम्बन्धी अध्ययन, वातावरणीय स्वास्थ्यको अवस्था र गुणस्तर लगायत अध्ययन तथा अनुसन्धान गर्न नियमित निरीक्षण, अनुगमन, नियमन तथा निगरानीका लागि तोके बमोजिमको व्यवस्था गर्नेछ ।

## परिच्छेद-८

## स्वास्थ्य प्रवर्द्धन तथा वातावरणीय स्वास्थ्य

**२६. सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नहुनेः** (१) कसैले पनि सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्न पाउने छैन ।

(२) व्यवस्थापनले आफुसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकता अनुसार विभिन्न ठाउँमा धुम्रपान, मदिरा तथा सूर्ति सेवन गर्न नपाउने सूचना सबैले देख्ने र थाहा पाउने गरी टाँस गर्नुपर्नेछ ।

**२७. सूर्तिजन्य पदार्थको उत्पादन, विज्ञापन तथा बिक्रिवितरणः** (१) सुर्तिजन्य पदार्थको प्याकेट तथा बाहिरी खोल (र्‍यापर्स) को बनावट, बिक्रिवितरण, सुर्तिजन्य पदार्थको प्रवर्द्धन तथा विज्ञापन, प्रचार-प्रसार, प्रदर्शन तथा सूचना प्रायोजन गर्न पाइने छैन । सो सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(२) धुम्रपान तथा सूर्तिजन्य पदार्थको अनुगमन, निरीक्षण तथा नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

नगर प्रमुख

(३) कसैले पनि अठार बर्ष नपुगेको व्यक्ति, गर्भवती तथा सुत्केरी महिलालाई सुर्तीजन्य पदार्थ बिक्रि बितरण गर्न वा गर्न लगाउन वा निशुल्क उपलब्ध गराउन पाउने छैन।

**२८. मदिरा उत्पादन, बिज्ञापन तथा बिक्रि बितरणः** (१) कसैले पनि मानव स्वास्थ्यलाई प्रतिकुल हुने गरी मदिरा तथा मदिराजन्य उत्पादन, बिक्रि वितरण तथा मदिराको बिज्ञापन, प्रचार प्रसार गर्न पाइने छैन ।

(२) महानगरपालिकाले मदिरा नियन्त्रण गर्न तथा बिक्रि बितरणलाई व्यवस्थित गर्न आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**२९. नसर्ने रोगको रोकथामः** (१) नसर्ने रोगको रोकथाम तथा व्यवस्थापनको लागि स्वास्थ्य परीक्षण गर्नु गराउनु सबै व्यक्तिको कर्तव्य हुनेछ ।

(२) महानगरपालिकाले नसर्ने रोग सम्बन्धी बिशेष प्याकेजको निर्माण गरी नसर्ने रोग रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका साथै आवश्यक व्यवस्थापन गर्न सक्नेछ ।

(३) नसर्ने रोगको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापन सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३०. स्वास्थ्य प्रवर्द्धन अभियानः** (१) महानगरपालिकाले स्वस्थ, सक्षम र उत्पादनशील नागरिक निर्माण गर्न तथा स्वास्थ्यको दिगो विकास गर्न सरकारी, गैरसरकारी, सामुदायिक सहकारी तथा निजी संघ संस्थाहरुसँग सहकार्य तथा समन्वय गरी स्वास्थ्य प्रवर्द्धन अभियान सञ्चालन गर्न सक्नेछ ।

**३१. फोहोरमैला व्यवस्थापनः** (१) महानगरपालिकाले मानव स्वास्थ्यमा प्रतिकुल असर रोकथामका साथै वातावरणीय स्वच्छताका लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति तथा मापदण्डका आधारमा आवश्यक कार्य गर्नेछ ।

(२) स्वास्थ्यजन्य फोहोरमैला संकलन, पुनः प्रयोग, प्रशोधन, विसर्जन र नियमन नेपाल सरकार, प्रदेश सरकार र महानगरपालिकाको मापदण्ड साथै प्रचलित व्यवस्था अनुसार हुनेछ ।

## परिच्छेद - ९

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा

**३२. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी व्यवस्थाः** (१) आयुर्वेद, युनानी, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा तथा संस्था सम्बन्धी दर्ता अनुमति, कार्यान्वयन, सञ्चालन, अनुगमन र नियमन सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(२) महानगरपालिकभित्र आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवालाई एलोप्याथिक स्वास्थ्य सेवासँग एकीकृत रुपमा सेवा प्रवाह गर्न प्रोत्साहनमुलक कार्यक्रम तर्जुमा गरी लागू गर्न सकिनेछ ।

(३) महानगरपालिकाले सर्ने तथा नसर्ने रोग रोकथाम, नियन्त्रण साथै हानिकारक जीवनशैली परिवर्तनका लागि आयुर्वेदिक विशिष्ट चिकित्सा पद्दति, योग, पूर्वकर्म/पंचकर्म, रसायन चिकित्सा र स्वस्थ जीवनशैली परामर्श सेवा सम्वन्धि कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद - १०

## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका

**३३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी व्यवस्थाः** (१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी व्यवस्था सेवा सुविधा लगायत सवै व्यवस्था संघीय सरकारले तोके बमोजिम हुनेछ ।

(२) महानगरपालिकाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको कामलाई उच्च मुल्याकंन गर्दै प्रोत्साहनका लागि स्रोत साधनको अधिनमा रहि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद -११

## अन्य स्वास्थ्य सेवा व्यवस्थापन र सहयोगी कार्यक्रम

**३४. स्वास्थ्य आपूर्ति व्यवस्थापनः** (१) निशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गर्न तोकिए बमोजिमको निशुल्क एवं अत्यावश्यक औषधीजन्य सामाग्रीको नियमित आपुर्तिको लागि आवश्यक कार्य गरिनेछ ।

(२) आपतकालिन अवस्थामा स्वास्थ्य संस्थाहरुमा तोकिए बमोजिमको आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक औषधी तथा औषधीजन्य सामाग्रीको भण्डारण (बफरस्टक) व्यवस्थापन गरिनेछ ।

**३५. स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना र संचारः** (१) तथ्यमा आधारित नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न स्वास्थ्य सम्बन्धी तथ्याकं, सूचकाकं तथा सूचनाहरुको उपयोग गरिनेछ ।

(२) स्वास्थ्य सम्बन्धी तथ्याकं तथा सूचनाहरुको प्रवाहका लागि स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको समयानुकुल परिमार्जन सहित प्रयोग गरिनेछ ।

(३) स्वास्थ्य सम्बन्धी तथ्यांकको भण्डारण, सूचना र संचारको वस्तुनिष्ट, पहुँचयोग्य, भरपर्दो र प्रविधिमैत्री सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३६. प्रयोगशाला सेवाः** (१) स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्नुका साथै रोग निदानका लागि आवश्यकताका आधारमा स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा स्थापना तथा सञ्चालन गरिनेछ ।

(२) प्रयोगशालाको व्यवस्थापन तथा सञ्चालन महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद -१२

### दण्ड सजाय र विविध

**३७. दण्ड सजाय र अन्यः** (१) यस ऐन विपरित कुनै कसुर गरेमा जनस्वास्थ्य सेवा ऐन, २०७५, सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐन, २०६८ र अन्य प्रचलित कानून अनुसार दण्ड र सजाय हुनेछ ।

(२) यस ऐन अनुसारका मुद्दा सरकारवादी हुनेछन् ।

**३८. नियम बनाउने अधिकारः** महानगरपालिकाले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**३९. कार्यविधि, निर्देशिका तथा मापदण्डः** यस ऐन र यस ऐन अर्न्तगत बन्ने नियमको कार्यन्वयनको लागि महानगरपालिकाले आवश्यक कार्यविधि, निर्देशिका, रणनीति तथा मापदण्ड बनाउन सक्नेछ ।

**४०. यस ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यस ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।